# राष्ट्रिय परीक्षा बोर्ड

## सानोठिमी, भक्तपुर

### शोधपत्र अनुदान प्रस्ताव आव्हानको सूचना ।

राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी भक्तपुरबाट आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार स्नातकोत्तर, एम.फिल र विद्यावारिधी तहका विद्यार्थीहरूलाई तल उल्लेखित शीर्षकहरुमा शोधपत्र लेखनका लागि देहाय बमोजिमको रकम अनुदान दिइदै आएको हुँदा इच्छुक विद्यार्थी/शोधार्थीबाट प्रस्ताव आव्हान गरिएको छ । सो सम्वन्धमा २०८१ फागुन २९ गतेभित्र प्रस्ताव सहितको निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ । यस सम्वन्धी विस्तृत विवरण www.neb.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

| क्रसं. | तह | अनुदान रकम |
|---|---|---|
| १ | स्नातकोत्तर | रू ७५,०००/- |
| २ | एम.फिल. | रू १,००,०००/- |
| ३ | विद्यावारिधी | रू १,२५,०००/- |

**१ शीर्षक :**

- विद्यालय तहको परीक्षा तथा मूल्याङ्कन सम्वन्धी वर्तमान अवस्था,
- माध्यमिक तहको  परीक्षाको प्रभावकारिता,
- माध्यमिक तहको परीक्षा तथा मुल्याङ्कनमा सुधार,
- नतिजा विश्लेषण,
- विद्यालय तहको परीक्षासँग सम्वन्धित अन्य शीर्षकहरू ।

**२ मापदण्ड :**

- नेपाली नागरिक हुनुपर्ने,
- स्नातकोत्तर तहको हकमा पहिलो र दोस्रो Semester उत्तीर्ण भएको,
- एम.फिल. तहको हकमा पहिलो Semester उत्तीर्ण भएको,
- पि.एच.डी. तहको हकमा रजिष्ट्रेशन भैसकेको,
- अनुदान प्राप्त गर्न अन्य कुनै पनि निकायबाट सहयोग नलिएको हुनुपर्ने ।

**३) भुक्तानी प्रकृया :**

- प्रस्ताव स्वीकृत भइ Final data collection tools पेश भएपछि २५%
- मस्यौदा प्रतिवेदन पेश भएपछि २५%
- अन्तिम प्रतिवेदन पेश भएपछि ५०%

अन्तिम प्रतिवेदन **२०८२ असार १५ गतेभित्र** पेश गरिसक्नु पर्नेछ । (स्नातकोत्तर तहका लागि)

(अन्तिम प्रतिवेदनमा Findings र recommendations का आधारमा सुझाव कार्यान्वयनका लागि राष्ट्रिय परीक्षा बोर्डबाट उपलव्ध गराइएको ढाँचामा कार्ययोजना (Action Plan) समेत पेश गर्नुपर्नेछ ।)

**४) आवश्यक कागजात :**

- शैक्षिक प्रमाणपत्रहरूका Digital Copy पेश गर्नु पर्नेछ । नेपाल बाहिरका शैक्षिक निकायहरूबाट उत्तीर्ण गरेका प्रमाणपत्रहरूको हकमा समकक्षताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।
- विद्यावारिधी तहका शोधार्थीले ६/६ महिनामा शोधपत्र सम्वन्धी भइरहेको कार्य प्रगतिको विवरण बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

यस सम्वन्धी अन्तिम निर्णय गर्ने अधिकार बोर्ड सचिवालय समक्ष रहनेछ ।

**पुनश्चः** शोधपत्र लेखनका लागि Research tools निर्माण गरी तथ्याङ्क संकलन गरिसकेका विद्यार्थीहरूले यस कार्यक्रममा भाग लिन पाउने छैनन् ।